# चिशंखुगढी गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७५

गाउँ सभाबाट पारित मिति : २०७५।०१।२४
प्रमाणीकरण मिति : २०७५।८।६
स्थानीय राजपत्रमा प्रकाशित मिति : २०७५।
<u>**२०७५ सालको ऐन नं.**</u> ०१

**प्रस्तावना :** नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानून बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम चिशंखुगढी गाउँ सभाले यो ऐन बनाएको छ।

**१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ :** (१) यो ऐनको नाम चिशंखुगढी गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ रहेको छ।
(२) यो ऐन चिशंखुगढी गाउँपालिका क्षेत्रभित्र तुरुन्त लागू हुनेछ।

**२. परिभाषा :** (१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा :-
(क) "ऐन" भन्नाले चिशंखुगढी गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ सम्झनु पर्छ।
(ख) "कार्यपालिका" भन्नाले चिशंखुगढी गाउँ कार्यपालिका सम्झनु पर्छ।
(ग) "गाउँ पालिका" भन्नाले चिशंखुगढी गाउँपालिका सम्झनु पर्छ।
(घ) "सभा" भन्नाले संविधानको धारा २२२ बमोजिमको गाउँ सभा सम्झनु पर्छ।
(ङ) "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ।

**३. नियम बनाउने अधिकार :** (१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गाउँपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको कार्य,जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको निमित्त चिशंखुगढी गाउँ कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ। हालसम्म बनाईएका नियमहरु यसै बमोजिम भएको मानिनेछ।

**४. निर्देशिका,कार्यविधि र मापदण्ड बनाउन सक्ने :** संविधान, ऐन तथा यस ऐन अन्तरगत बनेको नियमावलीको अधिनमा रही चिशंखुगढी गाउँ कार्यपालिकाले आवश्यकता अनुसार निर्देशिका,कार्यविधि र मापदण्ड बनाई लागू गर्न सक्नेछ। हालसम्म बनाईएका निर्देशिका,कार्यबिधि र मापदण्ड यसै बमोजिम भएको मानिनेछ।

नेपालको संविधानको २०७२ को अनुसूची ८ र ९को तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ (१) बमोजिम चिशंखुगढी गाउँसभाद्वारा पारित चिशंखुगढी प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७५, यस चिशंखुगढी गाउँपालिका का अध्यक्ष श्री निशान्त शर्मा वास्तोला ज्यू बाट प्रमाणीकरण गरिएको छ।

नाम :
पद :
दस्तखत :

निशान्त शर्मा
अध्यक्ष